का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ मंसिर २०८१,
शनिबार
14 December, 2024
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २९५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

प्रधानमन्त्रीको भारत भ्रमण

# सम्बन्ध सुधारको कसरत



**निमिष झा/मध्यान्ह**
काठमाडौं, २७ मंसिर ।

चीन भ्रमणबाट फर्किएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले भारत भ्रमणको तयारी थालेका छन् । प्रधानमन्त्री ओलीले १७ देखि २० मंसिरसम्म ४ दिन चीनको भ्रमण गरेका थिए । चीनबाट फर्केपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारसँगको कुराकानीमा प्रधानमन्त्री ओलीले अब भारत भ्रमण छिट्टै हुने बताएका थिए । 'भ्रमणको सुरुवात चीनबाट भए पनि छिट्टै भारत भ्रमण हुन्छ', ओलीले भनेका थिए ।

यस्तै, झापाको दमकमा भ्यु टावरको उद्घाटन गर्दै पनि उनले भनेका थिए, 'केही समयमा भारत भ्रमण हुन्छ ।' प्रधानमन्त्रीको उक्त भनाइले उनी छिट्टै भारत भ्रमणमा जाने संकेत गरेको छ ।

परराष्ट्र मन्त्रालय स्रोतका अनुसार प्रधानमन्त्री ओलीको भारत भ्रमणको तयारी सुरु भएको छ । 'अंग्रेजी नयाँ वर्ष २०२५ को जनवरी पहिलो वा दोस्रो हप्तातिर प्रधानमन्त्रीका भारत भ्रमण हुने सम्भावना छ', मन्त्रालयका एक उच्च अधिकारीले भने ।

प्रधानमन्त्रीको भारत भ्रमणको तयारीका लागि परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा भारत जाने भएकी छन् । हाल युरोपमा रहेकी परराष्ट्रमन्त्री देउवा उतैबाट ३ पुसमा सिधै नयाँ दिल्ली जाने तय भएको छ। मन्त्री राणा त्यतैबाट दिल्ली पुग्ने र ५ पुसमा दिल्लीमा आयोजना हुने इन्डो-नेपाल इकोनोमिक कन्फरेन्समा सहभागी हुने छन् । दिल्लीमा रहँदा मन्त्री राणाले विदेशमन्त्री एस. जयशंकरलगायतसँग उच्चस्तरीय भेटघाट पनि गर्ने छन् । मन्त्री राणाको भेटघाटलाई प्रधानमन्त्री ओलीको भ्रमणकै तयारीकै रूपमा लिइएको छ ।

अहिलेसम्म ठोस आधार तय नभइसके पनि नेपालले २५ पुस अर्थात् ९ जनवरीमा प्रधानमन्त्रीको भारत भ्रमण गर्ने मिति प्रस्ताव गरेको छ । यद्यपि, भ्रमणको मिति द्विपक्षीय कूटनीतिक माध्यमबाट तय हुने परराष्ट्रका अधिकारीले बताए ।

प्रधनमन्त्री ओलीका सल्लाहकार विष्णु रिमालले प्रधानमन्त्रीको भारत भ्रमणको विषयमा आफूलाई कुनै जानकारी नभएको बताए । 'भारत जाने कुरा छ । तर, कहिले जाने र एजेन्डा के हुने भन्ने मलाई जानकारी छैन', उनले भने ।

'प्रधानमन्त्रीको भारत भ्रमणको औपचारिक तयारी सुरु भइसकेको छ, त्यसकै लागि परराष्ट्रमन्त्री भारत भ्रमणमा जाँदै हुनुहुन्छ', परराष्ट्रका एक अधिकारीले भने । उनका अनुसार नयाँ दिल्लीमा भारतीय समकक्षीसँग भेटवार्तापछि प्रधानमन्त्रीको भ्रमणको मिति र एजेन्डा तय हुने छ ।

> परराष्ट्र मन्त्रालयले नेपालस्थित भारतीय दूतावाससँग समेत समन्वय गरी आन्तरिक तयारी सुरु गरेको छ । भ्रमणकै तयारीका लागि नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव दिल्ली पुगेका छन्

परराष्ट्र मन्त्रालयले नेपालस्थित भारतीय दूतावाससँग समेत समन्वय गरी आन्तरिक तयारी सुरु गरेको छ। भ्रमणकै तयारीका लागि नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव दिल्ली पुगेका छन् । प्रधानमन्त्रीसँगै चीन भ्रमणबाट फर्केको पर्सिपल्ट अर्थात् २२ मंसिरमा परराष्ट्रमन्त्री राणा नेदरल्यान्ड्स गएकी छन्। राणा युरोपका केही देशको भ्रमण गरेर उतैबाट भारत जाने छन्। प्रधानमन्त्री ओलीले यस पटक भारतभन्दा पहिले चीनबाट भ्रमण गरेका छन् । भारतले चासो नदिएपछि प्रधानमन्त्री ओली चीन भ्रमणमा गएका थिए ।

पृष्ठ २ मा

# पासाङको प्रवेशले माओवादीमा हलचल



> "म राजनीति गरेरै आएको व्यक्ति हुँ । उमेरले सक्दासम्म र योगदान गर्न सक्छु भन्ने लाग्दासम्म पार्टीको सक्रिय राजनीतिमा संलग्न हुन पाउनु मेरो अधिकार पनि हो"
>
> **नन्दबहादुर पुन 'पासाङ'**
> पूर्वउपराष्ट्रपति

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ मंसिर ।

नेकपा माओवादी केन्द्रको केन्द्रीय समिति बैठक सरेको छ । शुक्रबार बसेको पार्टीको स्थायी समिति बैठकले २१ पुसमा केन्द्रीय समिति बैठक बस्ने निर्णय गरेको हो । यसअघि २ पुसमा केन्द्रीय समिति बैठक बस्ने निर्णय भएको थियो ।

नेताहरूका अनुसार केन्द्रीय समिति बैठक सर्नुको कारण पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन 'पासाङ'ले राजनीतिमा पुनरागमन खोज्नु हो । पासाङले राजनीतिमा पुनरागमन खोजेसँगै माओवादी केन्द्रमा तरंग पैदा भएको छ । नेताहरूका अनुसार त्यही तरंगले २ पुसका लागि तय भएको केन्द्रीय समितिको बैठक नै स्थगित गराएको हो ।

यसअघि २६ कात्तिकमा बसेको पदाधिकारी बैठकले २ पुसका लागि केन्द्रीय समिति बैठक बोलाएको थियो । त्यसबेला ढिलो गरी बैठक राखेको भनेर पार्टीभित्र आलोचना भएको थियो। फेरि केन्द्रीय समितिको बैठक सर्न पुगेको हो ।

२०७२ सालमा उपराष्ट्रपतिमा निर्वाचित भएपछि पासाङ माओवादीबाट अलग भएका थिए । २०७९ सालको निर्वाचनपछि आफ्नो दोस्रो कार्यकाल सकिएसँगै उनी निष्क्रिय थिए।

यहीबीचमा माओवादीमा चलेको अन्तरसंघर्षसमेतलाई मध्यनजर गर्दै पासाङ राजनीतिमा फर्किन लागेका हुन् । यो विषयमा प्रचण्ड र पासाङबीच पटकपटक छलफल भएको छ । त्यस आधारमा उनलाई उपाध्यक्ष बनाउन लागिएको छ ।

२ कार्यकाल राष्ट्रपति भएकी विद्यादेवी भण्डारी एमाले पार्टीको राजनीतिमा फर्किन लागेको चर्चा चलिरहेका बेला पासाङ माओवादीको राजनीतिमा सक्रिय हुन लागेका हुन् । हाल माओवादीमा उपमहासचिवद्वय वर्षमान पुन 'अनन्त' र जनार्दन शर्मा 'प्रभाकर' गुट नै बनाएर अगाडि बढिरहेका छन् ।

यो बेला प्रचण्डले पासाङलाई राजनीतिमा ल्याएर आन्तरिक अन्तरसंघर्षमा आफैंलाई प्रभावशाली बनाई राख्न खोजेको नेताहरूको बुझाइ छ । यही बुझाइका कारणले पनि माओवादीमा पासाङको राजनीतिमा फर्किने तयारीले तरंग ल्याएको हो। पासाङ स्वयं पनि राजनीतिप्रति आफ्नो चासो रहेको बताउँछन् । हालै निकटस्थहरूसँगको भेटमा उनले भनेका छन्, 'म राजनीति गरेरै आएको व्यक्ति हुँ। उमेरले सक्दासम्म र योगदान गर्न सक्छु भन्ने लाग्दासम्म

पृष्ठ २ मा

NPL NEPAL PREMIER LEAGUE Powered by Ncell

## आजको खेल

पोखरा एभेन्जर्स VS काठमाण्डु गुर्खाज
बिहान ९:०० बजे

चितवन राइनोज VS जनकपुर बोल्ट्स
दिउँसो १: ०० बजे

पृथ्वीसुब्बा गुरुङ



# छुच्चो सुनिन्छन्, तर झुटो होइन

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २८ मंसिर ।

गत वर्ष सम्पन्न नेकपा एमाले गण्डकी प्रदेशको प्रथम अधिवेशनका क्रममा पोखरामा लागेको एउटा नारालाई धेरैले चासोका साथ हेरेका थिए । त्यसबेला एमाले युवाहरूले लगाएको नारा थियो- 'केपी ओलीपछि गण्डकीमा पीएस गुरुङ हाम्रा बा !'

एमाले उपमहासचिव पृथ्वीसुब्बा (पीएस) गुरुङको सम्मानमा यस्तो नारा युवाहरूले लगाउनुमा गण्डकी प्रदेश अधिवेशनको नतिजा कारण थियो । पहिलो पटक सम्पन्न एमाले गण्डकी प्रदेशको अध्यक्षमा पीएसको साथ पाएका नवराज शर्माले जितेका थिए ।

इतर समूहका उम्मेदवारलाई हराएर शर्माले एमाले प्रदेश अध्यक्ष जित्दा पीएस गुरुङलाई ओलीपछिका नेता भनेर प्रचार गरिएको थियो । यद्यपि, यस्तो नारा र प्रचारको चाहना गुरुङले राखेका पाइँदैन । उनी त सधैं कम्युनिस्ट पार्टीका सदस्यहरूमा 'कमरेडको भावना' हुनुपर्ने सार्वजनिक अडान लिन्छन् ।

> राजनीतिक संस्कार बदल्नुपर्छ भन्ने मन्त्री गुरुङ अभिव्यक्तिको नियत बुझेकाहरूले त्यस्तो विरोध गरेनन् । यसले मन्त्री गुरुङ खरो स्वभावमा अभिव्यक्त हुने तर झुटो नबोल्ने नेताका रूपमा देखिन्छन्

उनै उपमहासचिव गुरुङ अहिले सरकारका प्रवक्तासहित संचार तथा सूचना प्रविधिमन्त्री छन् । र, प्रधानमन्त्री छन्, एमाले अध्यक्ष केपी शर्मा ओली ।

अर्थात्, ओली नेतृत्व सरकारले गरेका कामकारबाहीको प्रचार गर्ने विभागीय जिम्मेवारीमा छन्, पीएस गुरुङ । विभागीय जिम्मेवारी भएकाले सरकारले गरेका निर्णयहरू सार्वजनिक गर्नेदेखि सरकारप्रति उठ्ने प्रश्नको जबाफ उनैले दिनुपर्ने छ ।

मन्त्री गुरुङ सरकारको औपचारिक निर्णय सुनाएर भन्दा पनि आफ्नै अडान र अभिव्यक्तिका कारण चर्चामा छन् । विशेषगरी सार्वजनिक सम्बोधन र मिडिया अन्तर्वार्तामा दिएको शब्दका कारण कतिपयले उनको आलोचना गरेका छन् । तर, आफ्नो अभिव्यक्तिप्रति मन्त्री गुरुङ अडिग छन् । खुलेर उनको विरोध गर्ने पंक्ति खासै देखिँदैन । त्यसैले चर्चामा रहने अभिव्यक्तिकै कारण मन्त्री गुरुङलाई ठूलो प्रभाव परेको देखिँदैन ।

पृष्ठ २ मा

उमागौरी सहकारी ठगी प्रकरण

# अञ्जलासहित २६ विरुद्ध मुद्दा

- २६ जनाविरुद्ध मुद्दा दायर, कोइरालासहित २५ जना फरार
- २२ करोड बिगो माग दाबी
- वासलातअनुसार करिब १८ करोड कर्जा तथा सापट लगानी

**शिव विक**
काठमाडौं, २८ मंसिर ।

प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइरालाविरुद्ध सहकारी ठगीमा जिल्ला अदालत मोरङमा मुद्दा दायर भएको छ ।

सरकारी वकिलको कार्यालय मोरङले पोखरेलकी श्रीमती कोइरालासहित २६ जनाविरुद्ध मुद्दा दायर भएको हो ।

सहकारी संस्था ठगी प्रकरणमा कोइरालासहित २६ जनाविरुद्ध मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय मोरङले जानकारी दिएको छ ।

ठगी प्रकरणमा २६ प्रतिवादीमध्ये रोशन राजवंशीलाई



थुनामा पठाउन अदालतले आदेश दिएको छ। न्यायाधीश अरुणकुमार झाको इजलासले राजवंशीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो ।

उनीहरूविरुद्ध अहिले सहकारीको बचत रकम अपचलनमा मात्र मुद्दा दायर भएको हो । सरकारी वकिल कार्यालयका अनुसार सहकारीको २२ करोड रुपैयाँ बिगो माग दाबी गरिएको छ। मोरङ जिल्ला अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीका अनुसार सहकारी अपचलनमा जोडिएका २६ प्रतिवादीमध्ये २५ जना फरार छन् । राजवंशी भने पहिले नै पक्राउ परेकाले उनलाई पुर्पक्षका लागि थुनामा पठाइएको हो । अन्यको हकमा अब पक्राउ पुर्जी जारी हुने सूचना अधिकारी बुढाथोकीले बताए ।

उमागौरीले विभिन्न बैंक तथा वित्तीय संस्थाबाट ११ करोड ५६ लाख ७८ हजार रुपैयाँ ऋण लिएको देखिन्छ । १८ करोड ४० लाख कुल पुँजी देखाइएको सहकारीको वासलात रिपोर्टमा १७ करोड ८७ लाख ४२ हजार कर्जा तथा सापट लगानी रहेको देखाइएको छ ।

'रोशन राजवंशी पहिला नै पक्राउ परेका थिए । उनलाई थुनछेक बहसको क्रममा थुनामा पठाउने आदेश भएको हो । अन्य प्रतिवादीहरू अहिलेसम्म फरार छन् ।

पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# पोर्चुगलमा राहदानी वितरण सुरु

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २८ मंसिर ।

फ्रान्सस्थित नेपाली दूतावासको टोलीले बिहीबारदेखि पोर्चुगलमा विद्युतीय राहदानी (इ-पासपोर्ट) वितरण गर्न सुरु गरेको छ । फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराईको नेतृत्वमा पोर्चुगल आइपुगेको दूतावासको टोलीले राजधानी लिस्बनबाट इ-पासपोर्ट वितरण गर्न सुरु गरेको हो ।

टोलीले लिस्बनस्थित ओलाइसमा घुम्ती शिविर संचालन गरेर राहदानी वितरण गर्न सुरु गरेको हो । गत अगस्टमा लिस्बनमा संचालित



घुम्ती सेवा शिविरबाट राहदानी बनाउन आवेदन दिएका आवेदकहरूको तयार भएको राहदानी वितरण गर्न शिविर संचालन गरिएको दूतावासले जनाएको छ। शिविरमा राहदानी लिने नेपालीको भीड लागेको छ। बिहीबार पहिलो दिन १४७ वटा इ-पासपोर्ट वितरण गरिएको टोलीले जनाएको छ ।

पोर्चुगलमा रहेका नेपालीको सहजताका लागि राजधानी लिस्बनमै आएर राहदानी वितरण सुरु गरिएको राजदूत भट्टराईले बताए । ६ दिनसम्म संचालन हुने घुम्ती शिविरबाट २ हजार ५५४ वटा इ-पासपोर्ट वितरण गरिने उनले बताए । 'हामीले परराष्ट्र मन्त्रालयसँगको समन्वयमा राहदानी वितरणका लागि टोली पठाउने तयारी गरिरहेका थियौं । युरोप भ्रमणमा रहनुभएकी परराष्ट्रमन्त्रीज्यूले पोर्चुगलमा तत्कालै राहदानी वितरणको व्यवस्था मिलाउन भन्नुभयो', भट्टराईले भने, 'मन्त्रीज्यूको निर्देशनबमोजिम लिस्बनमा राहदानी वितरण गर्न सुरु गरेका छौं ।' टोलीले शुक्रबार र शनिबार राहदानी वितरणसहित अधिकृत वारेसनामा प्रमाणीकरणको सेवा प्रदान गर्ने बताएको छ ।

पृष्ठ २ मा

# चिकित्सा स्नातकोत्तर विद्यार्थीलाई विदेशमा मान्यता दिलाउन पहल सुरु



**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपालको चिकित्सा शिक्षालाई विदेशमा मान्यता प्रदान गर्नका लागि पहल थालेको छ ।

नेपालमा स्नातकोत्तर गरे भारत तथा अन्य राष्टहरूमा सोसरहको मान्यता नपाउँदा नेपालका चिकित्सा विद्यार्थीलाई समस्या भैरहेको छ । यस्तो समस्या अन्त्य गर्न तथा पूर्ण शुल्कमा विदेशी विद्यार्थी नेपालमा अध्ययन गर्न आउने वातावरण बनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलको कदमको फलस्वरुप मन्त्रालयले पहल थालेको हो ।

सुरुवातमा माल्दिभ्सलगायत सार्क देशका विद्यार्थीलाई चिकित्सा शिक्षाको आपसी मान्यता प्रक्रिया सहज बनाउन सहजीकरण र कोटा व्यवस्थापनका उपाय खोज्न भन्दै मन्त्रालयले नेपाल मेडिकल काउन्सिललाई ३० दिनभित्र प्रारम्भिक प्रतिवेदन दिन भनेको छ ।

३० दिनभित्र प्रतिवेदन दिने गरी उपाय सुझाउन मन्त्रालयअर्न्तगतको नीति योजना तथा अनुगमन महाशाखाले काउन्सिललाई पत्राचार गरेको प्रवक्ता डा.प्रकाश बुढाथोकीले जानकारी दिए ।

गत महिना इन्डोनेसियामा एक कार्यक्रममा गएका स्वास्थ्य तथा जनसंख्या मन्त्री पौडेललाई त्यहाँका स्वास्थ्यमन्त्रीले स्नातकोत्तर शिक्षा दिनका लागि आग्रह गरेका थिए । जवाफमा मन्त्री पौडेलले आफूले यसका लागि पहल गर्ने बताएपछि मन्त्रालयले काम अघि बढाएको हो ।

समितिले दिएको प्रतिवेदनले चिकित्सा शिक्षालाई अन्तर र्ष्ट्रियस्तरमा लोकप्रिय बनाउन विदेशी विद्यार्थीको चासो सम्बोधन गर्न सफल हुने विश्वास लिएको मन्त्री पौडेलले बताए । अहिले भारतलगायतका मुलुकमा स्नातकोत्तर अध्ययन गरेकाले नेपालमा सहजै अभ्यास गर्न पाए पनि नेपालमा अध्ययन गरेका विद्यार्थीका हकमा भने आपसी मान्यता प्राप्त नहुँदा कठिनाइ भइरहेको छ । आपसी मान्यता पाउने गरी कम्तिमा सार्कस्तरमा पहल गर्न सकिएमा नेपालमा विदेशी विद्यार्थीको आकर्षण बढाउन सकिने विश्वास गरिएको छ ।

स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक व्यवस्था गर्न निर्देशन

स्वास्थ्य संस्थामा कार्यरत सबै नर्सिङ एवं अन्य स्वास्थ्यकर्मीको लागि न्यूनतम पारिश्रमिकको व्यवस्था कायम गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्देशन दिएको छ । मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले सबै स्वास्थ्य प्रतिष्ठान, सरकारी अस्पताल ,मेडिकल कलेज, सामुदायिक तथा निजी अस्पताललाई पत्राचार गर्दै न्यूनतम पारिश्रमिक लगायतका सुविधा उपलब्ध गराउन आग्रह गरेको हो ।

मन्त्रालयको परिपत्रमा भनिएको छ,'मेडिकल कलेज तथा स्वास्थ्य संस्थाबाट नर्सिङ् एवं अन्य स्वास्थ्यकर्मीको पारिश्रमिक लगायतको सुविधामा अन्याय भएको भनि गुनासो आएको सो सम्बन्धमा स्वास्थ्य संस्थामा कार्यरत सबै नर्सिङ एवं अन्य स्वास्थ्यकर्मीको लागि न्यूनतम पारिश्रमिक र सेवा सुविधा नेपाल सरकार सरह नघट्ने गरी लागू गर्न यही मंसिर २७ गते सचिवस्तरीय निर्णय भएको छ ।'

तोकिएको समय भन्दाबढी कार्यको लागि अतिरिक्त भत्ताको व्यवस्था गर्न, स्वास्थ्य तथा शैक्षिक संस्थाले करार (नियुक्ती सम्झौता) गरी राख्नुपर्ने, ज्यालादारीमा कार्य गराउन नपाइने, सक्कल शैक्षिक लब्धांक पत्रमा कार्यालयले राख्न नपाइने र अनुभवको प्रत्र प्रदान गर्नुपर्ने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्न पनि मन्त्रालयले निर्देशन दिएको छ ।

त्यस्तै,नर्सिङलगायतका अन्य स्वास्थ्यकर्मीको पारिश्रमिक बैंकिङ प्रणालीबाट मात्र उपलब्ध गराउनुपर्ने पनि मन्त्रालयको निर्देशनमा उल्लेख छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नर्सलगायत सबै स्वास्थ्यकर्मीको पारिश्रमिक र अन्य सुविधा बढाउने प्रतिबद्धता व्यक्त गर्दै आएका थिए । मन्त्री पौडेलको निर्देशनमा मन्त्रालयले न्यूनतम पारिश्रमिकलगायतका सुविधा कायम गर्न निर्णय गरेको हो ।

# पत्रकार महासंघ एसोसिएटको अध्यक्षमा आचार्य निर्वाचित



**काठमाडौं/मस-**नेपाल पत्रकार महासंघ एसोसिएटको अध्यक्षमा रोयल आचार्य निर्वाचित भएका छन् ।

आचार्य २ सय ६६ मत ल्याएर विजयी भएका हुन् । उनका प्रतिद्वन्द्वी स्मृति ढुंगानाले १ सय ९२ मत ल्याएकी छन् । यस्तै उपाध्यक्षमा २ सय १७ मत ल्याएर पुष्पा थपलिया विजयी भएकी छन् । उनका प्रतिद्वन्द्वी पवित्रादेवी ढकालले १ सय ८६ मत ल्याएकी छन् ।

यस्तै महासचिवमा अशेष अधिकारी २ सय ५४ मत ल्याएर विजयी भएका छन् । उनका प्रतिद्वन्द्वी भानु भट्टराईले १ सय ६७ मत ल्याएका छन् ।

# नेपाल पत्रकार महासंघ रौतहटको अध्यक्षमा कार्की

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
**रौतहट,२८ मंसिर**



नेपाल पत्रकार महासंघ रौतहटको अध्यक्षमा सञ्जय कुमार कार्की निर्वाचित भएका छन् । शुक्रबार सम्पन्न निर्वाचनमा १५ मत ल्याएर कार्की निर्वाचित भएका हुन् । नेपाल प्रेस युनियनका उम्मेदवार कार्कीले आफ्ना निकटतम प्रतिद्वन्द्वी उत्तम उपाध्याय र रवीन्द्र प्रसाद साहलाई ३ मतले पराजित गर्दै अध्यक्ष पदमा निर्वाचित भएका हुन् । प्रतिद्वन्द्वी उपाध्याय र साहले १२/१२ मत प्राप्त गरेका छन् । त्यस्तै अध्यक्षका अर्का उम्मेदवार मदन ठाकुर (धनञ्जय) ले ६ मत प्राप्त गरेका छन् ।

त्यस्तै उपाध्यक्षमा डिल्ली बहादुर कार्की निर्वाचित भएका हुन् । उनले १८ मत प्राप्त गरेका छन् । कार्कीका निकटतम प्रतिद्वन्द्वी राम एकवाल साहले १५ र पुष्प राज यादवले ११ मत ल्याएका छन् ।

त्यस्तै सचिवमा २६ मत ल्याएर गौतम श्रेष्ठ निर्वाचित भएका छन् भन्ने श्रेष्ठका निकटतम प्रतिद्वन्द्वी राकेश यादवले १७ मत ल्याएका छन् । सह-सचिवमा जीतेन्द्रलाल श्रीवास्तव तथा कोषाध्यक्षमा सञ्जय कुमार सहनी निर्वाचित भएका छन् ।

**सम्बन्ध...**

चीन भ्रमणमा बीआरआई फ्रेमवर्क सम्झौतामा २ देशबीच महत्त्वपूर्ण हस्ताक्षर भएको छ ।

दिल्लीले भ्रमणका लागि आमन्त्रण नगरेपछि ओलीको बेइजिङ भ्रमण तय भएको थियो । विश्लेषकहरूले प्रधानमन्त्रीको चीन भ्रमणलाई लिएर नेपाल-भारतबीच अझै तनाव रहेको विश्लेषण गरेका छन् । दिल्लीले ओलीलाई भारत भ्रमणको निम्तो नदिनुले भारतसँगको विगतमा देखिएको तिक्तता समाधान नभएको छनक मिलेको टिप्पणी गरेका छन् ।

चौथो पटक सत्ताको नेतृत्व गरिरहेका प्रधानमन्त्री ओलीले सत्ता सम्हालेको केही दिनमै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बधाई दिएका थिए । ओलीले मोदीलाई नेपाल भ्रमणको निम्तो पनि दिएका थिए । त्यसपछि मोदीलाई निम्तो गर्ने प्रयोजनसहित उनले परराष्ट्रमन्त्री राणालाई दिल्ली पठाएका थिए । तर, भारतले ओलीलाई भ्रमणको निम्तो दिएन ।

दिल्लीमा अभूतपूर्व स्वागत पाएकी राणाले भारतीय प्रधानमन्त्रीले नेपालको निम्तो स्वीकार गरे पनि ओलीलाई आमन्त्रण भने गरेन । त्यसअघि संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन जाँदा गत सेप्टेम्बरमा ओली-मोदी भेट भएको थियो । सो भेटघाट पनि अन्तिम क्षणमा तय भएको थियो ।

**पासाङका...**

पार्टीको सक्रिय राजनीतिमा संलग्न हुन पाउनु मेरो अधिकार पनि हो ।' पासाङ २०७० सालमा काठमाडौं क्षेत्र- ४ बाट प्रत्यक्षमा उम्मेदवार थिए । तर, पराजित भए । २०७२ सालमा उपराष्ट्रपति बने । २०७४ सालको चुनावपछि पासाङ पुनः उपराष्ट्रपति भए । त्यसयता राजनीतिमा सक्रिय नरहेका उनी फेरि सक्रिय हुन लागेका हुन् ।

रोल्पा राङ्सीमा २०२२ सालमा जन्मेका पासाङ विक्रमको २०४० को दशकबाटै राजनीतिमा लागेका थिए । विद्यार्थीकालमै प्रहरी यातना पाएका उनी २०५० सालसम्म पुग्दा अनेकन सार्वजनिक मुद्दा खेपिरहेका थिए, जो राजनीतिक आस्थाका कारण तत्कालीन सरकारले दुःख दिन मुद्दा लगाएको थियो ।

माओवादीले सशस्त्र संघर्ष घोषणा गरेपछिको पहिलो आक्रमण होलेरीदेखि दुनै, म्याग्दीको बेनी आक्रमणको कमान्ड पासाङले नै गरेका थिए ।

२०५५ सालमा गठित टास्कफोर्स र २०५६ सालमा गठन भएको लडाकु छापामार हरूको पहिलो कमान्डर पासाङ थिए । त्यसपछि बनेको लडाकुहरूको बटालियन कमिसार र कमान्डर, बिग्रेड कमान्डर, डिभिजन कमान्डर हुँदै शान्ति प्रक्रियामा आउने बेला पासाङ डेपुटी कमान्डर बनेका थिए ।

यसरी सशस्त्र संघर्षकालमै पार्टीमा महत्त्वपूर्ण जिम्मेवारी सम्हालेका पासाङ उपराष्ट्रपति बने । तर, उनलाई संवैधानिक जिम्मेवारी सम्हालेपछि पनि पार्टी राजनीतिमा फर्काउन खोजिएपछि माओवादीभित्रै हलचल पैदा भएको हो ।

**छुच्चो...**

यसको कारण भने पीएस गुरुङको खरो (कतिपयले मर्यादा बिर्सेको पनि भन्छन्) शब्दभित्र लुकेको बलियो तर्क हो । सँगै जस्तोसुकै परिस्थितिमा पनि राजनीतिक परिवर्तन र सैद्धान्तिक विषयमा सम्झौता नगर्ने मन्त्री गुरुङको पृष्ठभूमि हो ।

जस्तो कि गण्डकी प्रदेशको मुख्यमन्त्री हुँदा गुरुङले पार्टीका केन्द्रीय नेताहरूप्रति नै सार्वजनिक असन्तुष्टि जनाएका थिए । पोखरामा मुख्यमन्त्रीहरूको भेला गरेरै संघीयता कार्यान्वयनलाई गति दिने प्रयास गरेका थिए । २०७२ सालको संविधान संस्थागत गर्न यसका मूल अन्तर्वस्तुहरू संघीयता, समावेशिता, धर्मनिरपेक्षता जस्ता विषयमा उनी सम्झौतारहित अडान र अभिव्यक्ति दिँदै आएका छन् ।

समावेशी समानुपातिक प्रणाली संविधानमा समावेश गराउन मन्त्री गुरुङले नेतृत्वकारी (आदिवासी जनजाति ककसको संयोजक भएरै) भूमिका खेलेका थिए । पार्टीभित्र र बाहिर पनि समावेशिता, धर्मनिरपेक्षता र गणतन्त्रप्रति सम्झौतारहित अडान लिन मन्त्री गुरुङ कति पनि हिच्किचाएका देखिँदैन ।

संघीयता कार्यान्वयनका सन्दर्भमा मन्त्री गुरुङले प्रहरी नेतृत्वप्रति दिएको अभिव्यक्तिलाई धेरैले उनको यस्तै पृष्ठभूमिसँग जोडेर हेरेका पाइन्छ, जसले गर्दा उनको अभिव्यक्ति चर्चामा रहने तर त्यसले खासै असर नपर्ने अवस्था छ ।

अर्थात्, खरो बोलीले चर्चामा आए पनि 'झुटो र व्यक्तिगत/पार्टीगत स्वार्थमा' नबोलेको बुझाइले मन्त्री गुरुङ एउटा छबिसहित राष्ट्रिय राजनीतिमा देखिन्छन् । उनलाई लागेको कुरा नढाँटी भन्नु अर्को विशेषता देखिन्छ ।

जस्तो : केही दिन अगाडि उनले मन्त्री चयन गर्दा विषयगत ज्ञानलाई नजर अन्दाज गरिने नेपाली राजनीतिको प्रवृत्तिबारे बोलेका थिए । भनेका थिए, 'खेलकुदको ख नबुझ्ने खेलकुदमन्त्री, संचारबारे धेरै जानकारी नभएको म संचारमन्त्री ।'

कतिपयले यो अभिव्यक्तिलाई गैरजिम्मेवार पनि भने तर राजनीतिक संस्कार बदल्नुपर्छ भन्ने मन्त्री गुरुङ अभिव्यक्तिको नियत बुझेकाहरूले त्यस्तो विरोध गरेनन् । यसले मन्त्री गुरुङ खरो स्वभावमा अभिव्यक्त हुने तर झुटो नबोल्ने नेताका रूपमा देखिन्छन् ।

**परिवर्तनका पक्षपाती**

लमजुङको तत्कालीन गिलङ् गाविस- ८, टक्सारमा २०१४ सालमा जन्मिएका गुरुङले २०२७ सालदेखि नै राजनीतिक यात्रा सुरु गरेका थिए । त्यो पञ्चायतकै समयमा उनी ईशानेश्वर प्रमोद हाइस्कुलमा अनेरास्ववियूका तर्फबाट स्ववियु सचिव निर्वाचित भएका थिए ।

२०३४ सालदेखि त उनी सक्रिय राजनीतिमै होमिए । २०३७ सालमा कम्युनिस्ट पार्टीको सदस्यता पाए । विज्ञानमा स्नातक गरेका गुरुङ विद्यार्थी राजनीतिपछि शिक्षक संगठनमा आवद्ध भएका थिए । २०४० सालमा नेपाल राष्ट्रिय शिक्षक संगठनको जिल्ला अध्यक्ष निर्वाचित भएका उनी बारम्बार पञ्चायतको निशानामा परे ।

पञ्चायतविरोधी आवाज उठाएकैले पटकपटक जेल जीवन बिताउनुपऱ्यो । पञ्चायतको अन्त्यपछि उनको राजनीतिक आयतन झनै बढ्यो ।

देशभर माओवादीको लहर आएको २०६४ सालमै पनि गुरुङले संविधानसभा सदस्य जितेका थिए । लमजुङ- २ बाट उनी १९ हजार ५८३ मत ल्याएर संविधानसभा सदस्य निर्वाचित भएका थिए ।

यो चुनाव जितिरहँदा उनी संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री थिए । २०६२/०६३ सालको दोस्रो जनआन्दोलनले राजतन्त्रको अन्त्य गरेपछि नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला शक्तिशाली प्रधानमन्त्री थिए । त्यही सरकारमा गुरुङ मन्त्री थिए ।

संविधानसभापछि सरकार फेरिँदा गुरुङ मन्त्री रहेनन् तर संविधानसभा सदस्यका हैसियतमा संविधानमा अग्रगामी अन्तर्वस्तुहरू समावेश गर्न नेतृत्वदायी भूमिका खेले । भलै, त्यो संविधानसभाले संविधान जारी गर्न सकेन । तर, २०७० सालको दोस्रो संविधानसभाले अघिल्लो संविधानसभामा जुटेका सहमतिहरूलाई स्वीकारेकाले २०७२ सालको संविधानमा गुरुङको हिस्सेदारी छ ।

२०७४ सालको चुनावपछि त उनी संघीयता कार्यान्वयनको भूमिकामा लागे । उनी २ फागुन २०७४ मा गण्डकी प्रदेशका मुख्यमन्त्री भए ।

**अञ्जलासहित...**

उनीहरूको हकमा अब पक्राउ पुर्जी जारी हुन्छ', बुढाथोकीले भने । प्रतिवादीहरू उमागौरी कृषि सहकारीका अध्यक्ष शम्भुप्रसाद रौनियार, उपाध्यक्ष लक्ष्मण साह रौनियार, सचिव आलम अनसारी मिया, कोषाध्यक्ष शम्भुप्रसाद सिंह, सदस्यहरू आमोदकुमार मण्डल, जितमान ठाकुर, लेखा समिति संयोजक विजयकुमार यादव, लेखा समितिका सदस्यहरू सुरेन्द्रकुमार राजवंशी, अशोककुमार विश्वास फरार छन् ।

त्यस्तै, संचालक समितिकी पूर्वउपाध्यक्ष दिलमाया राई, प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी श्रीमती एवं पूर्वसंचालक समिति सदस्य अञ्जला कोइराला, पूर्वउपाध्यक्ष उपासी राजवंशी, लेखापाल सोनु यादव, पूर्वकर्मचारीहरू मोहमद नजाम उद्दिन, चम्पा गिरी, पूर्वउपाध्यक्षहरू शम्भुप्रसाद सिंह, सन्तलाल खवास, सुमन लोहनी, पूर्वसहसचिव लक्ष्मीदेवी कार्की राजवंशी, पूर्वसदस्य ज्योति बाँस्कोटा, पूर्वसंचालक समिति सदस्यहरू मित्रप्रसाद शिवाकोटी, शरद् सिंह, मो. नसरुद्दिन, मनोजकुमार सोनी र यशोदाकुमारी राजवंशीलाई फरार प्रतिवादी बनाई जिल्ला सरकारी वकिलको कार्यालय मोरङले अभियोग दायर गरेको थियो ।

योगिता शर्मा बाँस्तोलाको जाहेरीमा दायर भएको उक्त मुद्दा सहकारी ऐन, २०७४ को दफा १२२ अनुसार प्रतिवादीअन्तर्गतको कसुर अगाडि बढाइएको छ ।

लेखा समिति सभापति पोखरेलकी पत्नी कोइराला उमागौरी सहकारीको पूर्वसंचालक हुन् । सहकारी संकटमा परेपछि कोइरालाले ५ माघ २०७८ देखि सहकारीबाट राजीनामा दिएकी थिइन् । सहकारीको संचालकमा पोखरेलले नै पत्नीको नाम राखेका थिए । शिक्षण पेसामा आवद्ध कोइराला सहकारीको सदस्य हुँदा सहकारीले लघुवित्तबाट ऋण लिने निर्णय गरेको थियो ।

**पोर्चुगलमा...**

राहदानी विभागबाट राहदानी तयार भएको इमेल प्राप्त गरेका सेवाग्राहीलाई समय तालिकाअनुसार शिविरमा आएर राहदानी बुझ्न राजदूत भट्टराईले आग्रहसमेत गरेका छन् ।

नेपालस्थित राहदानी विभाग र फ्रान्सस्थित नेपाली दूतावासको संयुक्त टोलीले गत अगस्टमा राजधानी लिस्बनमा संचालन गरेको 'घुम्ती सेवा शिविर'बाट ३ हजार ८२९ नेपालीको इ-पासपोर्टका लागि जैविक तथ्यांक संकलन गरेको थियो, जसमा करिब ९४० वटा राहदानी पेरिसबाटै वितरण भइसकेको दूतावासले जनाएको छ ।

विभागका केही कम्प्युटरमा भाइरस प्रवेश गरेपछि विभागले सेवा स्थगित गर्दा कतिपय नेपालीले अत्यावश्यक परेको समयमा पनि राहदानी पाउन सकेका थिएनन् ।

# दुबई पठाउने भन्दै ठगी गर्ने १ पक्राउ

**काठमाडौं/मस-** आकर्षक तलबसहितको वैदेशिक रोजगारीमा दुबई पठाइदिने आश्वासन दिएर ठगी गरेको आरोपमा प्रहरीले १ जनालाई पक्राउ गरेको छ । प्रहरीले ललितपुरको महालक्ष्मी नगरपालिका- ६ बस्ने ४६ वर्षीय मन्जित चित्रकारलाई पक्राउ गरेको हो ।

४ लाख रुपैयाँ लिई सम्पर्कविहीन भएको भन्दै पीडितले चित्रकारविरुद्ध प्रहरीमा उजुरी दिएका थिए । सोही उजुरीको आधारमा चित्रकारलाई पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । चित्रकारलाई वैदेशिक रोजगार ऐनअनुसार कारबाहीका लागि अनुसन्धान तथा अभियोजनका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।


## कुवेतमा रोजगार

कम्पनी: WHITE CITY CO. FOR DELIVERY OF CONSUMER ORDERS — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०८/२८ — चलानी नं.: ६०२२९६७६ — LT. No.: 315439

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 20 | 0 | स. काममा दक्ष | 135 | ५९,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: GLOBAL FOR FACILITIES SECURITY SERVICES COMPANY — Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०८/२८ — चलानी नं.: ६०२२९६७७ — LT. No.: 315440

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 125 | ५५,०६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: STRIKE ABUZ IMAGING DEVICES AND EQUIPMENT S.A.E — Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०८/२८ — चलानी नं.: ६०२२९६७८ — LT. No.: 315441

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Finishing Carpenter (Helper) | 10 | 0 | स. काममा दक्ष | 130 | ५७,२६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: AL-SULTAN GARDENS GENERAL TRADING & CONTRACTING COMPANY — Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०८/२८ — चलानी नं.: ६०२२९६७९ — LT. No.: 315442

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५२,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Welder | 2 | 0 | | 120 | ५२,८६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुष ६ गते (21 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- [illegible]

Dana Human Resource Nepal Pvt. Ltd. — Govt Lic No. 1692/080/81
Sinamangal, Kathmandu, Tel.: 01-5923344, 9802373747
Email : danantepalpg@gmail.com , Web: www.danantepal.com



## साधारणसभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२९**

यस ओभरसिज नेपालिज इन्भेस्टमेन्ट कम्पनी लिमिटेड (ओनिक) को संचालक समितिको मिति बि.सं. २०८१ मंसिर २७ गते, तदनुसार इस्वी सम्वत् २०२४ डिसेम्बर १२ तारिक बिहिबारको दिन बसेको संचालक समितिको बैठकको निर्णयबमोजिम ओनिकको आठौं साधारणसभा निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा गरिमामय उपस्थितिका लागि यो सूचना जारि गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति र स्थान** : २०८१ पुस २१ गते आइतबार (5 January, 2025). कम्पनीको रजिस्टर्ड कार्यालय साथै बिद्युतीय माध्यम

**साधारणसभामा पेस गरिने प्रस्तावहरुः**

१) आ.ब. २०८०/०८१ को लेखापरीक्षण प्रतिबेदन पारित गर्ने बारेमा ।
२) आ.ब. २०८१/०८२ को लेखापरीक्षक नियुक्त गर्ने बारेमा ।
३) कम्पनी सचीबको नियुक्ति गर्ने बारेमा ।
४) प्रबन्ध पत्र र नियमावली सम्सोधन गर्ने बारेमा । ५) आइपिओ निष्कासन गर्ने बारेमा ।
६) जारी पुजी वृद्धि गर्ने बारेमा । ७) कम्पनीको उदेश्य थप गर्ने बारेमा । ८) बिबिध ।

**कम्पनी सचिव**

Overseas Nepalese Investment Co.Ltd.
का.म.न.पा.-२९, अनामनगर काठमाडौं, नेपाल
फोन : ०१-४३३००३७, मोबाइल : ९८६१५९५८५९
E-mail : oninvestmentltd@gmail.com
Web : www.onic.com.np



## सिंजा गाउँपालिका
## Sinja Rural Municipality
### गाउँ कार्यापालिकाको कार्यालय
### Office of the Rural Municipal Executive
नराकोट, जुम्ला
Narakot, Jumla
कर्णाली प्रदेश, नेपाल

**कोटेशन स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८१/०८/२९**

यस कार्यालयबाट मिति २०८१/०८/१८ मा प्रकाशित सूचना अनुसार तपशिलको तालिमको लागि रितपूर्वक दर्ता हुन आएका कोटेशनहरु मध्येबाट न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही निम्न कोटेशनदाताको कोटेशन स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | तालिमको नाम | कोटेशन दाताको नाम र ठेगाना | कवोल अंक (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | SINJA/PMEP/YETI/01/2081/082 | Hiring a Firm for Skills Development Training in Sinja Rural Municipality | Nepal Engineering And Technical Science Academy Pvt .Ltd , Surkhet. | 6,27,526.67 NPR | |

**प्रमुख प्रशासकीय अधिकृत**

# एमालेको दानसम्बन्धी जग्गा विवाद हेर्दाहेर्दैमा




**काठमाडौं/मस-** भाटभटेनी सुपरमार्केटका मालिक मीनबहादुर गुरुङले पार्टी कार्यालय बनाउन एमालेलाई दिएको १० रोपनी १४ आना जग्गाबारे सर्वोच्च अदालतमा परेको रिट हेर्दाहेर्दैमा राखिएको छ । न्यायाधीशद्वय अब्दुल अजीम मुसलमान र बालकृष्ण ढकालको इजलासमा सुनुवाइ सुरु गरेर हेर्दाहेर्दैमा राखिएको हो । अब यो मुद्दाको विवाद मुसलमान र ढकालको इजलासले छिन्ने छ । यस अघि गत आइतबार सो रिट सुनुवाइका लागि न्यायाधीशद्वय मनोजकुमार शर्मा र नित्यानन्द पाण्डेयको संयुक्त इजलासमा परेको थियो । तर, समय अभावका कारण हेर्न नभ्याइनेमा परेको थियो ।

अधिवक्ता ज्ञानकुमार बस्नेतले एमालेले लिएको दानविरुद्ध सर्वोच्चमा रिट हालेका थिए । यसअघि बस्नेतले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश सुनीलकुमार पोखरेलको एकल इजलासले उक्त दान प्रक्रिया तत्काल अघि नबढाउन अल्पकालीन अन्तरिम आदेश गरेको थियो । अन्तरिम आदेश जारी हुने कि नहुने भनेर संयुक्त इजलासमा छलफल हुने भनिएको थियो ।

गुरुङले दानमा दिएको दाबी गरिएको उक्त जग्गा लिनु र कुनै दलको पार्टी कार्यालय खोल्नु भ्रष्टाचार हुने दाबीसहित अधिवक्ता ज्ञानबहादुर बस्नेतसहितले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । अधिवक्ता बस्नेतसहितले दर्ता गरेको रिटमा भ्रष्टाचारमा दोषी ठहर भएका गुरुङबाट प्रधानमन्त्रीको रूपमा सार्वजनिक पद धारण गरेको व्यक्तिले जग्गा लिनु स्वार्थ बाझिने र भ्रष्टाचार निवारण ऐन र राजनीतिक दलसम्बन्धी ऐनविपरीत भएको दाबी गरिएको थियो ।

सर्वोच्चले सुरुमा उक्त रिट दर्ता गर्न अस्वीकार गर्दै दरपिठ गरेको थियो । तर न्यायाधीश तिलप्रसाद श्रेष्ठको इजलासले मंगलबार दरपिठ बदर गर्दै दर्ता गर्न आदेश दिएपछि गत बुधबार रिट दर्ता गरिएको थियो ।

रिटमा १० रोपनी १४ आना जग्गा दान दिने व्यक्ति विरुद्ध ललित निवासको भ्रष्टाचार मुद्दा विचाराधीन रहेको रहेको र विवादित व्यक्तिको जग्गा किन लिइयो भनी सार्वजनिक प्रश्न उठिरहेको समयमा सरकारकै नेतृत्व गरेका प्रधानमन्त्रीले भवन उद्घाटन समेत गरेकाले अन्तरिम आदेश जारी गरी रोक्न माग गरिएको छ । उक्त भवनमा निर्माण रोक्नु भनी पहिलो सुनुवाइमै अन्तरिम आदेश जारी गर्न रिटमा माग गरिएको थियो ।

गुरुङ चर्चित ललिता निवास जग्गा घोटाला प्रकरणका मुख्य दोषी हुन् । विशेष अदालतले उनलाई २ वर्ष कैद सजाय सुनाएको छ । त्यस्तै सोही प्रकरणमा जिल्ला अदालतमा पनि लिखत कसुर (किर्ते) सम्बन्धी मुद्दा पनि विचाराधीन छ । यस्तै भ्याट छली प्रकरणमा पनि उनी दोषी ठहर भएका छन् ।

# राष्ट्रिय फोटो पत्रकार समूह र विन्जाओ मिडिया ग्रुपबीच समझदारी



**काठमाडौं/मस-** राष्ट्रिय फोटोपत्रकार समूह (एनएफपिजे नेपाल) र चीनको सान्तोङ प्रान्तमा रहेको विन्जाओ मिडिया ग्रुपबीच समझदारी गरिएको छ । राष्ट्रिय फोटोपत्रकार समूह र विन्जाओ मिडिया ग्रुपबीच फोटो, भिडियो, समाचार आदान-प्रदान गर्ने र व्यावसायिक क्षमता विकासमा लागि महत्वपूर्ण भूमिका खेल्ने गरी समझदारी गरिएको हो ।

एनएफपिजेका अध्यक्ष प्रदीपराज वन्त र विन्जाओ मिडिया ग्रुपका निर्देशक चाओ जिङ्युआनबीच सांस्कृतिक तथा व्यावसायिक फोटो पत्रकारितामा दुई देशबीच मैत्रीपूर्ण सम्बन्ध विस्तारका लागि समझदारीपत्र आदान-प्रदान गरिएको हो ।

कार्यक्रमलाई विन्जाओका मिडिया ग्रुपका निर्देशकले दुई देशका फोटो पत्रकार तथा मिडिया हाउसबीच समझदारी गर्न पाउँदा खुसी लागेको बताउँदै यस्ता समझदारीले समाचारका माध्यमबाट सांस्कृतिक तथा पर्यटनलाई टेवा पुऱ्याउनमा महत्वपूर्ण भूमिका खेल्ने बताए । नेपाल सरकार र चीन सरकारबीच भएको मिडियासम्बन्धी सम्झौतालाई पनि यसले सहयोग गर्ने उनको धारणा थियो ।

एनएफपिजेका अध्यक्ष वन्तले सांस्कृतिक तथा प्राकृतिक दृष्टिले महत्वपूर्ण रहेको विन्जाओको मिडिया ग्रुपसँग गरिएको समभदारीले फोटो तथा समाचारहरूको माध्यमबाट दुई संस्थाको मित्रतालाई थप स्थापित गर्न सहयोग पुग्नुका साथै र दुई देशबीचको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । उक्त कायक्रममा विन्जाओ फोटोग्राफर एसोसियसनका अध्यक्ष लिइ जनपिङ् उपाध्यक्ष तथा सिनियर फोटोग्राफर सु सोय र एनएफपिजेका उपाध्यक्ष सुनिल शर्मालगायत नेपालबाट चीन भ्रमणमा रहेका फोटो पत्रकारहरूको पनि उपस्थिति रहेको थियो ।

# ३ दशकपछि टीकापुर विमानस्थलमा उडान हुँदै



**काठमाडौं/मस-** कैलालीको टीकापुर विमानस्थल ३५ वर्षपछि नियमित सञ्चालनमा आउने भएको छ । २०४६ सालमा द्वन्द्वका कारण बन्द भएको विमानस्थल ३० मंसिरदेखि पुनः सञ्चालनमा आउन लागेको हो । पर्यटन व्यवसायी र स्थानीय तहको सक्रियतामा विमानस्थल सञ्चालनमा आउन लागेको हो । विमानस्थलमा हवाई उडानका लागि तारा एयरसँग टीकापुर नगरपालिकाले न्यूनतम १५ सिटका लागि सुनिश्चितसहित सहमति गरेको टीकापुर नगरपालिकाका प्रमुख रामलाल डगौरा थारुले जानकारी दिए । विमानस्थलमा यसअघि नेपाल वायुसेवा निगम र तारा एअरले परीक्षण उडान गरिसकेका छन् ।

विमानस्थलमा ३० मंसिर आइतबार पहिलो उडान हुनेछ भने दोस्रो उडान आगामी पुस ४ गते बिहीबार हुनेछ । त्यसपछि प्रत्येक साता आइतबार र बिहीबार एक/एक उडान हुने गरी तालिका निर्धारण गरिएको छ । तालिका अनुसार यति एयरलाइन्सले काठमाडौं-नेपालगञ्ज र नेपालगञ्जबाट कनेक्टिङ फ्लाइटमार्फत तारा एयरले नेपालगञ्ज-टीकापुर उडान भर्नेछ । टीकापुरमा भएका यात्रुलाई तारा एयरले नेपालगन्ज ल्याउने र त्यहाँबाट यति एयरलाइन्सले काठमाडौं ल्याउनेछ । यसका लागि एकमुष्ट काठमाडौं-टीकापुरको एक तर्फी भाडा ९ हजार रूपैयाँ निर्धारण गरिएको छ । टिकट बिक्रीका लागि आधिकारिक बिक्रेतामा पथिल होलिडेजलाई नियुक्त गरिएको छ । साथै यात्रुहरूले यति एयरलाइन्सको एप, विभिन्न ट्राभल एजेन्सी, खल्ती, इसेवालगायतका माध्यमबाट टिकट खरिद गर्न पनि सक्नेछन् ।

टीकापुरस्थित सिद्धार्थ होटल र काठमाडौंको तीनकुनेमा रहेको पथिल होलिडेजबाट पनि टिकट काट्न मिल्ने गरी व्यवस्था गरिएको छ ।

विमानस्थल सञ्चालनमा आएपछि धनगढी र नेपालगञ्ज विमानस्थल धाइरहेका टीकापुर नगरपालिका आसपासका कैलाली, सुर्खेत र बर्दियाका स्थानीयलाई सहज हुने अपेक्षा गरिएको छ । टीकापुर विमानस्थलमा अहिले चारैतिरबाट काँडेतारको छेकबार छ भने धावनमार्गमा ग्राभेल गरिएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले विमान कम्पनीले उडानको माग गर्ने र प्राधिकरणले भाडादर तोकेर जनशक्ति खटाउने बताए । सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटीका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद न्यौपानेले विमानस्थल सञ्चालनमा आएपछि टीकापुरलाई पर्यटकीय सहरका रूपमा विकास गर्न सकिने बताए । 'टीकापुर विमानस्थलमा भएको सम्पत्ति लामो समयदेखि प्रयोगमा आउन सकेको छैन, विमानस्थल सञ्चालनमा आएपछि त्यहाँको आर्थिक तथा पर्यटकीय गतिविधि बढ्नेछ', उनले भने । तारा एयरका प्रवक्ता सुदर्शन बर्तौलाले काठमाडौं-नेपालगञ्ज-टीकापुर र टीकापुर-नेपालगञ्ज-काठमाडौं उडानको सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी दिए ।

उनका अनुसार प्रत्येक साता आइतबार र बिहीबार उडान हुनेछ । काठमाडौंबाट विहान १० बजे यति एयरलाइन्सको विमान नेपालगञ्जका लागि उडान गर्नेछ भने त्यहाँबाट दिउँसो १२:३० बजे तारा एयरले यात्रु लिएर टीकापुर पुग्नेछ । सोही दिन दिउँसो १:२० बजे तारा एयरको विमान नेपालगञ्जका लागि प्रस्थान गर्नेछ भने दिउँसो २:०५ बजे यति एयरलाइन्सको विमानले यात्रु लिएर काठमाडौं आउनेछ ।

त्यसैगरी काठमाडौंदेखि अछामको साँफेबगरस्थित विमानस्थलमा उडानका लागि पनि साँफेबगर नगरपालिका र तारा एयरबीच सहमति भइसकेको छ । यद्यपि साँफेबगरस्थित विमानस्थलमा परीक्षण उडानपछि मात्रै नियमित उडान हुनेछ । साँफेबगर नगरपालिकाले पनि तारा एयरसँग न्यूनतम १५ सिटका लागि सुनिश्चित गर्ने सम्झौता गरिसकेको छ । अर्थात् न्यूनतम १५ सिट नभएमा नगरपालिकाले सो बराबरको रकम उपलब्ध गराउनेछ ।

# नेपाली सेनामा मुस्लिम समुदाय मौलानालाई भर्ती गर्न माग

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २८ मंसिर



नेपाली सेनाले विभिन्न प्राविधिक र सेवामूलक क्षेत्रमा ठूलो संख्यामा कर्मचारी माग गरेको छ । जसमा नर्स, मेकानिक, पण्डित, भेटेरिनरी र भिडियो सम्पादन जस्ता विभागहरू समावेश छन् । आवेदन २८ मंसिरदेखि २७ पुससम्म केन्द्रीय भर्ती तथा छनोट निर्देशनालय, स्वयम्भूमा बुझाउन सकिनेछ ।

यद्यपि, यस भर्ती प्रक्रियामा मुस्लिम समुदाय र उलेमा (मौलाना)लाई पूर्ण रूपमा बेवास्ता गरिएको छ । न त मुस्लिम उलेमा (मौलाना)लाई समावेश गरिएको छ, न त अन्य कुनै क्षेत्रमा मुस्लिम व्यक्तिको सहभागिताबारे कुनै उल्लेख गरिएको छ । यसको विपरित हिन्दु धार्मिक व्यक्तित्व जस्तै पण्डितहरूलाई यो सूचीमा समावेश गरिएको छ, जसले एउटा धर्मलाई प्राथमिकता दिइँदैछ । राष्ट्रिय मदरसा संघ नेपालका महासचिव मौलाना मशहूद खाँ नेपालीले यस कदमप्रति गहिरो चिन्ता व्यक्त गरेका छन् । उनले भनेका छन्,'यो निर्णय नेपालको धर्मनिरपेक्ष देशको संवैधानिक र लोकतान्त्रिक सिद्धान्तहरूको विरुद्ध छ । धार्मिक सन्तुलन र समान अवसर उपलब्ध गराउनु प्रत्येक नागरिकको मौलिक अधिकार हो । मुस्लिम समुदाय र उलेमा (मौलाना)लाई बेवास्ता गर्नु धर्म निरपेक्ष राष्ट्रको भावना विपरित हुन जान्छ । राष्ट्रिय एकता तथा धार्मिक सहिष्णुतामा प्रतिकुल असर पर्न सक्छ । तसर्थ, यस भर्ती प्रक्रियाको तुरुन्त समीक्षा गरियोस् र सबै धर्मका मानिसहरूलाई समान अवसर उपलब्ध गराइयोस् ।'

राष्ट्रिय मदरसा संघका अध्यक्ष डा.अब्दुल गनी अलकूफीले पनि यस कदमप्रति असन्तोष व्यक्त गरेका छन् । उनले भनेका छन्,'नेपाली सेनाको भर्ती प्रक्रियामा मुस्लिम समुदाय र उलेमालाई बेवास्ता गर्नु केवल विभेदको उदाहरण होइन्, यो लोकतान्त्रिक देशमा लोकतान्त्रिक सिद्धान्तहरूप्रति विश्वास घात सरह हो । हामी सरकारसँग माग गर्दछौं कि यस प्रक्रियालाई तुरुन्त पारदर्शी बनाइयोस् र सबैका लागि समान गरियोस् । मुस्लिम समुदायको सहभागिता सुनिश्चित गर्नु नेपालको सामूहिक प्रगतिका लागि आवश्यक छ ।'

मुस्लिम समुदायका नेताहरूले सरकारलाई यस अन्यायलाई अन्त्य गर्न र समानता तथा न्यायमा आधारित व्यवस्था लागू गर्न अपिल गरेका छन् । यस विषयमा अल्पसंख्यक मुस्लिम समुदायबाट व्यापक विरोध भइरहेकोले भर्ती प्रक्रियालाई समावेशी रुपमा अगाडि बढाउन समेत अपिल गरिएको छ ।

# सुनवलका महिलाहरूलाई फोहोरमैला व्यवस्थापन तालिम

**युवराज पुन/मध्यान्ह**
नवलपरासी, २८ मंसिर



सुनवल सामुदायिक सिकाइ केन्द्रले फोहोर मैला व्यवस्थापन तथा करेसाबारीसम्बन्धी ३ दिने तालिम सम्पन्न गरेको छ । आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजित बजेटबाट ४ समूहका ५० महिलाहरूको सहभागितामा केन्द्रले उक्त तालिम कार्यक्रम सम्पन्न गरेको हो ।

घरबाट निस्किएको फोहोर मैलाबाट मल उत्पादन, करेसाबारी तयार गर्नुका साथै हरेक प्रकारका साग सब्जीहरूको नर्सरी तयार गर्ने र विषादीको प्रयोग नगरी सागसब्जीहरू कसरी उत्पादन गर्ने भन्नेबारे लुम्बिनी प्रदेश सिटिइभिटीका प्रशिक्षक बिमल ढकालले उनीहरूलाई प्रशिक्षण दिएका थिए ।

सामुदायिक सिकाइ केन्द्र सुनवलका अध्यक्ष सन्जय श्रेष्ठको अध्यक्षता, वडा नम्बर १ का अध्यक्ष मन बहादुर थापाको प्रमुख आतिथ्यता तथा शिक्षा शाखा अधिकृत पशुपनि भट्टराईको विशेष आतिथ्यतामा तालिम सम्पन्न भएको हो । तालिममा लोटस महिला समूह, मिलिजुली महिला समूह, कंवर महिला समूह, नमुना कृषि समूह गरी ४ समूहका महिलाहरू सहभागी भएका थिए ।

तालिममा सहभागी समूहमध्ये नमुना कृषि समूहकी अध्यक्ष दुर्गा पान्डेयले तालिमले मात्र पर्याप्त नहुने भन्दै पालिकाले समूहलाई जिविकोपार्जनको लागि कृषि उत्पादन गर्न जग्गा तथा बजारीकरणको पनि व्यवस्था गर्नुपर्ने धारणा राखिन् ।

प्रमुख अतिथि थापाले महिलाहरूलाई आत्मनिर्भर बनाउन यस्तै तालिमहरू हरेक वर्ष आउने बताए । उनले महिलाहरूले उत्पादन गरेको कृषिजन्य उत्पादनहरू संरक्षणको लागि शीतभण्डार रहेको जानकारी गराउँदै बजारीकरणका लागि हाटबजारमा सटर कोठाहरू तयार हुँदै गरेको उल्लेख गरे ।


## बर्दगोरिया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मुडा, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्रको आशय सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८१/०८/२९ गते**

यस बर्दगोरिया गाउँपालिका कार्यालयको आ.व. २०८१/०८१ अर्न्तगत ठेक्का न. १०/BRM/NCB/२०८१/०८२ को Supply and Delivery of Mortuary Van (Sab Bahan) at Bardagoriya Rural Municipality को लागि मिति २०८१/०८/११ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले उल्लेखित बोलपत्रको स्वीकृतका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं | निर्माण फर्म/कम्पनी | कबोल रकम |
|---|---|---|
| १०/BRM/NCB/२०८१/०८२ | श्री IME Motors Pvt. Ltd. | रु २४,९८,०००।०० |

## वर्गिकृत डिस्प्ले

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०८०/१२/२२ मा दर्ता भएको **सलहेश बाबा कृषि फार्म प्रा. लि. (प्रा.लि. नं. ३३३५५३)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०८/२९**

**स्वान भ्याली ट्रेक्स एण्ड एक्सपिडिसन प्रा.लि.** को २०८१/०६/१३ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मानसरोवर यात्रा प्रा.लि. (प्रा.लि. नं.: ४५८६६)** कायम गर्ने गरी मिति २०८१/०७/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०८/२९**

**हिमालय स्प्रिट ट्रेक्स एण्ड एक्सपिडिसन प्रा.लि.** को २०८१/०७/२० गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मिट नेपाल टुर्स एण्ड ट्रेक्स प्रा.लि. (प्रा.लि. नं.: १२६४१३)** कायम गर्ने गरी मिति २०८१/०८/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## यूएईमा रोजगार

कम्पनी : HANLIM ENGINEERING AND CONSTRUCTION CO LTD ABOU DHABI शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/०८/२८ चलानी नं.: ६०२२९६७४ LT. No.:315382

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Black Smith/rod Binder/steel Fixer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,२६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason Assistant | 5 | 0 | | 1000 | ३६,८९० | | | | | | | |
| 3. | Painter | 7 | 0 | | 1200 | ४४,२६८ | | | | | | | |
| 4. | Tile Layer Assistant | 8 | 0 | | 1000 | ३६,८९० | | | | | | | |
| 5. | Welder Assistant | 5 | 0 | | 1000 | ३६,८९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ६ गते (21 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Liverpool H.R. Solution Pvt. Ltd.**
Swoyambhu-15, Kathmandu, Tel : 01-5382303 Mob. : 9851013724
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com
श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५

## साईप्रसमा रोजगार

कम्पनीः FILIPPOS FILIPPOU शहरः Cyprus
पूर्व स्वीकृत मितिः २०८१/०८/२८ चलानी नं.: ६०२२९६६७ LT. No.: 315374

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 25 | स. काममा दक्ष | 400 | ५६,९१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः ZAWYA OFFICE EMPLOYMENT LTD-LIC 456, शहरः Cyprus पूर्व स्वीकृत मितिः २०८१/०८/२८ चलानी नं.: ६०२२९६६५ LT. No.: 315375

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 25 | स. काममा दक्ष | 400 | ५६,९१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः FILIPPOS FILIPPOU, शहरः Cyprus पूर्व स्वीकृत मितिः २०८१/०८/२८ चलानी नं.: ६०२२९६६६ LT. No.: 315377

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 25 | स. काममा दक्ष | 400 | ५६,९१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ६ गते (21 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MANIA WORLD SERVICES PVT.LTD**
Koteshwor-32, (Opp Bhat Bhateni Super Market) Kathmandu +977-1-5147316
Email: ibiz@maniaws.com, Website: www.maniaws.com
श्रम इजाजत नं. ५४६/०७८/०७९

## कथा

# जनताको पार्टी



■ डा. टीकाराम पोखरेल

चुनाव घोषणा भयो ।

पार्टीहरू गाउँतिर पस्न थाले ।

गाउँका चौतारी, शहरका चिया पसल र राजधानीका पाँचतारे होटलहरूमा तहतहका जमघट हुन थाले ।

चिया पसलमा भेला भएकामध्येबाट धनेले चियाको सुर्को लिँदै भन्यो, 'चुनाव त बेलैमा होला जस्तो छ गाँठे !'

'बेलैमा भए हामीलाई के, नभए हामीलाई के ? कागलाई बेल पाक्यो हर्ष न विस्मात !', ढालबहादुरले चुरोटको धुवाँ हावामा उडाउँदै प्रतिक्रिया जनायो ।

'ह्या ! यो ढाले पनि के कुरा गर्छ यार ! चुनाव आएपछि वर्षौंदेखि नदेखेका नेताको दर्शन गाउँमा नै पाइन्छ । तँ पनि नेताको दर्शन पाएर गति पर्छस् क्या अब । केको कागलाई बेल पाक्यो हर्ष न विस्मातको कुरा गर्छस् ? यहाँभन्दा ठूलो के खोज्छस् ?', पानबहादुरले पान चपाउँदै व्यंग्य कस्यो ।

'यस्ता चुनावले जनताको जीवनमा केही फरक पार्दैन । पञ्चायतकाल, बहुदलकाल, गणतन्त्रकालका सबै चुनाव देखिए । चुनाव आए, चुनाव गए । चुन्नेले चुने, चुन्न नपाउनेले चुन्न पाएनन् । चुन्न पाउनुपर्नेले चुन्न नपाएपछि चुनिनुपर्ने पनि चुनिए, नपर्ने नि चुनिए । तर, यसले हाम्रो जीवनमा कुनै परिवर्तन ल्याउन सकेन', चिया पसले भूपाल दाइले खालि कपमा तातो चिया हाल्दै भने ।



मध्यपश्चिमको कुनै गाउँमा घर थियो भूपाल रोकायाको । जवानीमा भूपाल रोजगारीका लागि भारतका शहर चहार्थे । बालबच्चालाई राम्रो शिक्षा दिने सपना बोकेर उनले आफ्नो जवानी भारतका शहरहरूमा मजदुरी गरेर बिताए । भूपाल भारतमै हुँदा देशमा बहुदल आयो । उनले नेपालमा बहुदल आएको कुरा भारतमै सुने । बहुदल आएको मात्र सुनेनन्, बहुदल आएपछि अब जनता सुखी हुन्छन् भन्ने पनि सुने । रोजगारीका लागि अब अर्काको भूमि धाउनुपर्दैन भन्ने उनमा आशाको बीज अंकुरित भयो ।

भूपाल घर फर्के तर भूपालको आशाको बीजमा निराशा फल्यो । बहुदल आएको दशक पनि नबित्दै देशमा द्वन्द्व सुरु भयो । भूपालको घर नजिकैबाट सेनाले कर्णाली राजमार्गको ट्र्याक रोड छिचोल्यो । गाउँमा बाटो त आयो, बाटोसँगै द्वन्द्व पनि आयो । द्वन्द्व बोकेर गैरराज्य आयो । प्रतिद्वन्द्व बोकेर राज्य पनि आयो ।

राज्यको सुरक्षा डफ्फामाथि विद्रोही डफ्फाले आक्रमण गर्‍यो । आक्रमणमाथि प्रतिआक्रमण भयो । पक्ष र प्रतिपक्ष दुवैतर्फका हताहत भए । हताहत पक्ष र प्रतिपक्ष मात्र भएनन्, निष्पक्ष पनि भए । सेनाको ब्यारेक मात्र भत्केन, सडक नजिकै रहेका गाउँलेका झुपडी पनि भत्किए । भत्किए होइन, विभिन्न बहानामा भत्काइए, जलाइए । भूपालको झुपडी घर पनि यही चपेटामा पर्‍यो ।

घर ध्वस्त भएको चिन्ताभन्दा आफू बाँचेकामा भूपालले भगवान्लाई धन्यवाद दियो । तर, भोलिपल्टै उसलाई गाउँमा गैरराज्य पक्षका लडाकुलाई घरमा आश्रय दिएको आरोपमा सेनाले समात्यो । सेनामाथि लडाकुले आक्रमण गरेको पनि भूपालले नै योजना बनाएझैं गरी राज्यले उसलाई आतंककारीको नाइके समातिएको प्रचार गर्‍यो ।

*दिलबहादुर काका जो थिए, उनको घर केही वर्ष पहिले पहिरोमा पर्‍यो । घर मात्र परेन सबै परिवार एक चिहान भए । शहरमा साहुको भारी बोक्न गएका कारण उनी मात्र भाग्यले बाँचे । तर, उनी आफू भाग्यले बाँचेको भन्दा पनि सबै परिवार गुमाएर आफू बाँच्नुलाई अभागले बाँचेको ठान्थे*

केही समयपछि भूपाल छुटे तर उनीमाथि राज्यले निगरानी राख्यो, विद्रोही भनेर । विद्रोहीले पनि निगरानीमा राख्यो, सेनाद्वारा समातिएपछि पक्कै पनि भूपालले आफ्नाबारेमा सेनालाई जानकारी दियो भनेर ।

राज्य र विद्रोही दुवै पक्षको चपेटामा परेपछि भूपाल बालबच्चा च्यापेर शहर पसे । भूपालको परिवार विस्थापित भयो । विस्थापित त द्वन्द्वमा पक्ष र विपक्ष पनि भए तर पक्ष र विपक्षमा लडेकाहरू स्थापित भए । निष्पक्षहरू विस्थापित भएको भएकै भए । भूपाल तिनै विस्थापितमध्येका प्रतिनिधि पात्र थिए । गणतन्त्र आएपछि भूपाल गाउँ त फर्के तर उनको आश्रयस्थल थिएन । बाटोको छेउमा एउटा सटर भाडामा लिए । उनको गुजारो चिया पसल भयो ।

